# नेपाल राष्ट्र बैंक

पोखरा कार्यालय

मिति : २०७९/११/२७

**निबन्ध प्रतियोगिता सम्बन्धी सूचना !!!**

विश्व वित्तीय सप्ताह (Global Money Week) किशोर तथा युवाहरुमा वित्तीय शिक्षाको महत्वका सम्बन्धमा जागरण ल्याउने उद्देश्यले वार्षिक रुपमा मनाइने अभियान हो । यो सप्ताह हरेक बर्ष Organisation of Economic Cooperation and Development (OECD) को आयोजना तथा नेपाल राष्ट्र बैंकको संयोजनमा मनाउने गरिएको छ । यस वर्ष २०२३ मार्च २०-२६ (चैत्र ६-१२, २०७९) सम्म मनाउन लागिएको Global Money Week को अवसरमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले **Plan your Money, Plant your Future** विषयमा निबन्ध प्रतियोगिता आयोजना गर्ने भएकोले कास्की जिल्ला भित्रका १०+२ तहमा अध्ययनरत ईच्छुक बिद्यार्थीहरुको सहभागिताको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**प्रतियोगिता सम्बन्धी नियमहरु**

१. निबन्ध बढीमा १५०० (एक हजार पाँच सय) शब्दको हुनुपर्नेछ ।
२. निबन्ध लेख्ने विद्यार्थीको नाम थर, विद्यालय र कक्षा स्पष्ट लेखिएको हुनुपर्नेछ ।
३. निबन्ध विद्यार्थीको हस्तलिखित हुनुपर्नेछ र सम्बन्धित विद्यालयको छाप लगाई प्रमाणित गरी स्क्यान गरी पठाउनु पर्नेछ ।
४. निबन्ध अँग्रेजी वा नेपाली मध्ये कुनै एक भाषामा हुनुपर्नेछ ।
५. प्रत्येक विद्यालयबाट बढीमा १ जना छात्रा र १ जना छात्रको सहभागिता हुनुपर्नेछ ।
६. निबन्ध मिति २०७९/१२/६ गते साँझ ५ बजेसम्म यस कार्यालयको ईमेल ठेगाना **pkrnrb_globalmoneyweek@nrb.org.np** मा आई पुग्नेगरी पठाउनु पर्नेछ ।
७. प्राप्त निबन्धहरु मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी नतिजा प्रकाशन गरिनेछ ।
८. पुरस्कार सम्बन्धी व्यवस्था तपशिल वमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| प्रथम पुरस्कार | एक जना | रु.१०,००० र प्रमाणपत्र |
| द्धितीय पुरस्कार | एक जना | रु.७,००० र प्रमाणपत्र |
| तृतीय पुरस्कार | एक जना | रु.५,००० र प्रमाणपत्र |